Ganesh Prasad Sharma **Pragnya Sarathi** *Vol.* 22, 2024 pp.44-52

Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438
DOI: https://doi.org/10.3126/ps.v22i1.64840

# भवानी भिक्षुका कथामा वर्गद्वन्द्व

गणेशप्रसाद शर्मा
उपप्राध्यापक नेपाली विभाग, धवलागिरि बहुमुखी, क्याम्पस, बागलुङ
Email: ganeshpaudel959@gmail.com

## लेखसार

यो लेख भवानी भिक्षुका कथामा प्रस्तुत वर्गद्वन्द्वको अध्ययनमा केन्द्रित रहेको छ । मूलतः मनोवैज्ञानिक कथाकार भए पनि तत्कालीन सामाजिक यथार्थलाई चित्रण गर्ने क्रममा समाजका धनी र गरिबवर्गका बिचको द्वन्द्वलाई भिक्षुका कथामा देखाइएको छ । यस किसिमको द्वन्द्व मार्क्सवादी अवधारणासँग सम्बन्धित देखिन्छ । भिक्षुका कथामा वर्गद्वन्द्वको प्रस्तुति केकसरी गरिएको छ भन्ने समस्याको समाधानमा केन्द्रित यस लेखमा उक्त समस्याको विश्लेषणात्मक समाधान खोज्ने उद्देश्य राखिएको छ । यही उद्देश्यको प्राप्तिका लागि भिक्षुका 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना' र 'बन्दोबस्त' गरी पाँचवटा कथामा प्रयुक्त वर्गद्वन्द्वको अध्ययन गर्ने सीमा निर्धारण गरिएको छ । यसमा निर्दिष्ट समस्या, उद्देश्य र सीमामा केन्द्रित रही पुस्तकालयकार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरेर अध्ययनलाई अघि बढाइएको छ । यसरी अध्ययन गर्दा कथामा मालिकको भूमिकामा रहेका र नोकरको भूमिकामा रहेका पात्र, सम्पन्न र विपन्न आर्थिक अवस्थाका पात्र, धेरै जग्गा, धनसम्पत्ति भएका पात्र र दुःख गरेर श्रमको बलमा बाँच्नुपर्ने पात्र, पूँजीवादी र कम्युनिस्ट विचारधाराका पात्रका साथै गाउँका गरिब पात्र र सहरका कार्यालयमा जागिर गर्ने माथिल्लो पहुँच भएका पात्रका बिचमा वर्गीयतामा आधारित द्वन्द्वलाई यस लेखमा विश्लेषण गरिएको छ । भिक्षुका कथालाई विविध कोणबाट शोधमूलक अध्ययन र विश्लेषण गरिएको भए पनि उनका कथामा प्रयुक्त वर्गद्वन्द्वकेन्द्रित अध्ययन भने गरिएको देखिँदैन । यही शोधमूलक अध्ययनको रिक्तता परिपूर्तिका लागि विषयवस्तु विश्लेषण विधिमा आधारित भई यो अध्ययन गरिएको छ । भिक्षु मार्क्सवादी प्रवृत्तिका कथाकारका रूपमा अपरिचित भए पनि उनका केही कथा वर्गद्वन्द्वका दृष्टिले पनि अध्ययनीय छन् भन्ने सत्यलाई देखाउनु नै यस अध्ययनको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** असन्तुष्ट, गरिबवर्ग, श्रमशोषण, वर्गगत मतभेद, वर्गद्वन्द्व, प्रयोजन, सम्पन्नवर्ग

## परिचय

भवानी भिक्षु (१९६६-२०३८) कथा विधा सिर्जनामा सुपरिचित सर्जक हुन् । उनले प्रारम्भमा हिन्दी भाषामा कथा सिर्जना गरेका भनिए पनि ती प्राप्त छैनन् । १९९५ मा *शारदा* पत्रिकामा 'मानव' कथा प्रकाशित भएपछि उनी नेपाली कथा विधाका क्षेत्रमा सार्वजनिक भएका हुन् । उनका *गुनकेशरी* (२०१७), *मैयाँसाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) गरी चारवटा कथासङ्ग्रहमा चवालीसवटा र *मधुपर्क* (२०३३) मा प्रकाशित 'विधाताको शिल्प' का साथै *मधुपर्क* (२०३४) मा नै प्रकाशित 'स्वार्पण' समेत छयालीसवटा कथा प्रकाशित छन् । यिनै कथासिर्जनाका कारण आधुनिक नेपाली कथाको प्रवर्द्धनमा भिक्षुको भूमिका उल्लेखनीय रहेको छ । उनका कथामा पात्रका मानसिकताको विश्लेषणका साथै तत्कालीन सामाजिक यथार्थको चित्रण पनि गरिएको पाइन्छ । भिक्षुले आफ्ना कथामा कौतूहलता र रोचकता सिर्जना गर्न द्वन्द्वको कलात्मक उपयोग गरेका छन् । विपरीत मानसिकता, व्यक्ति, परिस्थिति आदिका बिचको प्रतिस्पर्धा, सङ्घर्ष वा असहमति नै द्वन्द्व हो । व्यक्तिको उसकै मानसिकतामा उत्पन्न द्वन्द्वलाई मनोवैज्ञानिक वा आन्तरिक द्वन्द्व र व्यक्ति र व्यक्ति, व्यक्ति र परिस्थिति आदिका बिचमा उत्पन्न द्वन्द्वलाई सामाजिक वा बाह्य द्वन्द्व भनिन्छ । भिक्षुका कथा आन्तरिक र बाह्य दुवै द्वन्द्वका दृष्टिले विश्लेषणीय रहेका छन् । उनका कथामा इदम् र अहम्, इदम् र पराहम्, जीवन र मृत्यु मूलप्रवृत्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वका माध्यमबाट आन्तरिक र वर्ग, सम्पत्ति, शक्ति अनि प्रतिष्ठामा केन्द्रित भएर बाह्य द्वन्द्वलाई देखाइएको पाइन्छ । भिक्षुका कथामा पाइने वर्गद्वन्द्व बाह्य प्रकृतिको द्वन्द्व हो । यस किसिमको द्वन्द्व समाजका आर्थिक वर्गका बिचमा केन्द्रित भएको हुन्छ । यस्तो द्वन्द्वमा धनीवर्गका मानिसले गरिबवर्गका मानिसलाई हेप्ने र श्रमको शोषण गर्नुका साथै उनीहरूलाई धनी हुनबाट अवरोध पुऱ्याउने गरेको पाइन्छ । यसले गर्दा दुई वर्गका बिचमा असन्तुष्टि बढ्न जाँदा द्वन्द्वको स्थिति सिर्जना हुने गर्दछ । भिक्षुका 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना', र 'बन्दोबस्त', कथामा सम्पन्नवर्गका पात्रले गरिबवर्गका पात्रलाई होच्याएका, अपमानपूर्ण व्यवहार गरेका, श्रमको शोषण गरेका र उन्नतिको बाटोमा अवरोध पुऱ्याएका कारण दुई वर्गका पात्रका बिचमा विवाद भएको देखिन्छ । उनका कथामा पाइने यस किसिमको द्वन्द्व मार्क्सवादी वर्गद्वन्द्वको अवधारणाको नजिक देखापर्छ । त्यसैले यस लेखमा भिक्षुका विश्लेष्य कथामा प्रयुक्त वर्गद्वन्द्वमा केन्द्रित भई खोजमूलक अध्ययन गरिएको छ ।

## अध्ययनविधि र प्रक्रिया

अनुसन्धानमूलक लेखनकार्यमा उचित किसिमले शीर्षकको चयन गरी प्राप्त अन्तरालका आधारमा समस्याको निर्धारण गरेर त्यसको वस्तुनिष्ठ समाधानको खोजी गर्नुपर्ने हुन्छ यसका लागि सामग्रीको सङ्कलन, विश्लेषणको विधि र प्रक्रिया महत्त्वपूर्ण आधार मानिन्छन् ।

**Article information**
**Received**: 8 March, 2024
**Accepted:** 2 April, 2024
**Published:** 16 April, 2024

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

प्रस्तुत लेखमा अध्ययनको खास समस्यामा आधारित भएर शीर्षक चयन गरिएको छ । भवानी भिक्षुका कथामा वर्गद्वन्द्वमा केन्द्रित भई यससम्बन्धी अध्ययन नभएको अन्तरालका आधारमा शीर्षकको सीमामा रही अध्ययनकार्य गरिएको छ। प्रस्तुत लेखका लागि आवश्यक पर्ने प्राथमिक सामग्री भिक्षुका कथा एवम् द्वितीयक सामग्री सैद्धान्तिक र अन्य पुस्तकालय कार्यको उपयोग गरी सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई गुणात्मक पद्धतिमा आधारित भई विश्लेषण गरिएको छ। विश्लेषण गर्दा वर्णनात्मक, व्याख्यात्मक र विवेचनात्मक विधिको उपयोग गरिएको छ । सम्पन्न र विपन्न वर्गका बिचमा देखिएका असहमति र विवादका सन्दर्भलाई सूचकको रूपमा ग्रहण गरेर अध्ययन र विश्लेषणको प्रक्रिया अघि बढाइएको छ ।

## सैद्धान्तिक आधार

कार्ल मार्क्सद्वारा प्रतिपादित भौतिकवादको उल्लेख्य पक्ष भनेकै वर्गद्वन्द्व हो । उनले सम्पत्ति अर्थात् वस्तुको सञ्चय गर्ने कार्यको थालनीसँगै वर्गको उदय भएको र दास युग हुँदै समाजवादी युगसम्म देखापरेका वर्गहरूबिच द्वन्द्व भइरहने देखाएका छन् । यही कुरालाई सिद्ध गर्न कम्युनिस्ट घोषणापत्रमा आजसम्मका विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो भनिएको छ (मार्क्स तथा एङ्गेल्स, २०३०, पृ. ३४) । वर्गद्वन्द्वलाई निरन्तरको प्रक्रिया माने पनि मार्क्सको वर्गद्वन्द्वसम्बन्धी अवधारणाको केन्द्रस्थल भने पूँजीवादी युग नै बनेको देखिन्छ । यस युगमा पूँजीपति बुर्जुवावर्ग र सर्वहारा श्रमिकवर्गका बिचमा वर्गगत द्वन्द्व उत्कर्षमा पुग्ने मार्क्सले आँकलन गरेका छन् । पूँजीवादी व्यवस्थाको विकास हुँदै जाँदा शोषणले झन् झन् बढी निर्मम रूप लिँदै जान्छ । मजदुरहरूको श्रम अझ बढी सघन हुँदै जान्छ (आफानास्येभ, २०६४, पृ. २९६) । आर्थिक तथा वित्तीय सङ्कटका बेला सर्वहारा श्रमिकवर्गले निकै कष्ट भोग्नुपर्ने हुन्छ। अरू समयमा पनि यो वर्ग श्रमको शोषणमा परेर श्रमको फलबाट वञ्चित रहनुपर्ने हुन्छ। यो कुरा सर्वहारा श्रमिकवर्गले सहेर बस्न सक्दैनन् । परिणामतः पूँजीपति बुर्जुवावर्ग र सर्वहारा श्रमिकवर्गका बिचको द्वन्द्वले गति लिन थाल्दछ। पूँजीवादी युगमा साना उद्योगहरू धराशायी भएर बहुराष्ट्रिय उद्योगमा परिणत हुन्छन् । साना उद्योगमा स्वरोजगारमा रहेका मानिसहरू श्रमिकमा रूपान्तरण हुन्छन् (देवकोटा, २०६६, पृ. १५४) । यसले गर्दा श्रमिकको सङ्ख्या बढ्दै जान्छ र पूँजीपति बुर्जुवावर्गको सङ्ख्या घट्दै जान्छ । अल्पसङ्ख्यक बुर्जुवावर्गले बहुसङ्ख्यक सर्वहारा श्रमिकवर्गलाई शोषण गर्दै जान्छ । श्रमिकको शोषण गरेर बुर्जुवा पूँजीपतिवर्गका मानिसहरूले लाभ उठाउँछन् । सर्वहारा श्रमिकवर्गले पर्याप्त श्रम गर्दा पनि पहिलो वर्गबाट शोषण गरिने हुँदा जीवनका अनिवार्य आवश्यकताका साधन जुटाउन नसकी निरन्तर शोषित भइरहन्छन् (शर्मा, २०६१, पृ. १४७)। मार्क्सले बुर्जुवा पूँजीपतिवर्ग र सर्वहारा श्रमिकवर्गका बिचमा नाफाको असमान वितरणको कारणले गर्दा द्वन्द्वको स्थिति बन्दछ भन्ने कुरा स्पष्ट पारेका छन् । पूँजीपतिवर्गले श्रमिकवर्गको श्रमलाई उपयोग गरेर वस्तु उत्पादन गर्दछन् र वस्तुको उत्पादनमा लगानी भएको श्रमको मूल्य र वस्तुका बिक्री मूल्यका बिचको नाफाका रूपमा प्राप्त हुने अतिरिक्त मूल्य धेरै आफूलाई मात्र राखेर श्रमिकवर्गको श्रमको शोषण गर्दछन् । यही खास कुरा थाहा पाएपछि आफूहरू ठगिएको कुरामा स्पष्ट भई श्रमिकवर्ग द्वन्द्वमा अग्रसर हुन्छन् । यसैले गर्दा पूँजीपति र श्रमिकका बिचमा वर्गद्वन्द्व सिर्जना हुन पुग्दछ । श्रमिकवर्गले सञ्चालन गरेको क्रान्तिको फलस्वरूप बुर्जुवावर्गको प्रभुत्व समाप्त हुन्छ र श्रमिकहरूको सत्ता स्थापित भई सर्वहारा अधिनायकवादको स्थापना हुन्छ। यसपछि समाजवाद हुँदै साम्यवादी युगको आरम्भ हुन्छ भन्ने वर्गद्वन्द्वसम्बन्धी मार्क्सवादी अवधारणा रहेको छ । यही मार्क्सवादी अवधारणालाई आवश्यकताअनुसार उपयोग गरेर भिक्षुका कथामा आयोजित वर्गद्वन्द्वको अध्ययन गरिएको छ ।

## भिक्षुका कथामा वर्गद्वन्द्व : विमर्श र नतिजा

भवानी भिक्षु विशेषतः मनोवैज्ञानिक कथाकार हुन् । उनका कथामा सामाजिक यथार्थको चित्रण पनि गरिएको छ। समाजको यथार्थ चित्र प्रस्तुत गर्ने क्रममा भिक्षुले गरिब पात्रहरू धनीहरूबाट हेपिएका र शोषणमा परेका सन्दर्भलाई आफ्ना कथामा देखाएका छन् । कथामा हुँदा खाने गरिब र श्रमिक भूमिकामा रहेका पात्रहरू हुने खाने सम्पन्नवर्गका पात्रबाट हेपाइमा परेर असन्तुष्ट भएका देखिन्छन् । उनका कथामा कम्युनिस्ट र गैरकम्युनिस्ट विचार आत्मसात् गरेका पात्र वैचारिक विवादमा अल्झिएर परस्पर असन्तुष्ट बनेका पनि छन्। मार्क्सवादी विचारलाई आधार बनाएर कथा लेख्ने कथाकार नभए पनि समाजको प्रवृत्तिलाई देखाउने क्रममा उनका कथामा स्वभाविक किसिमले वर्गद्वन्द्वको सङ्केत गरिएकोले यसैमा केन्द्रित भई यस लेखमा विमर्श र नतिजाको खोजमूलक अध्ययन गरिएको छ ।

### मालिकको छोरो कथामा वर्गद्वन्द्व

'मालिकको छोरो' भिक्षुको *गुनकेशरी* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा साहु गणेशमान र उसका दुई पत्नी सम्पन्नवर्ग र रामे गरिब श्रमिक सर्वहारावर्गको प्रतिनिधि पात्र भएर देखिएका छन् । गणेशमानका बाबुले जीवनपर्यन्त नेपालदेखि बर्मासम्म कारोबार व्यवसाय गरेर प्रशस्त सम्पत्ति सँगालेका र एक्लो छोरो भएकाले बाबुको शेषपछि सबै सम्पत्ति उसैको हुन आउँदा उसको पहिचान नै गणेशमान साहु भएको कथामा देखिन्छ। उता रामे भने गणेशमानको घरमा बाबुको पालादेखि नै पालिराखेको घरेलु कामधन्दा गर्ने व्यक्ति भएकोले उसको पहिचान नोकरकै तहको देखिएको छ। उसले कथामा यदाकदा ससानो त्रुटि गर्दा पनि नराम्रो हप्कीदप्की खानेगरेको छ । साहु गणेशमानकी जेठी पत्नी कृष्णेकी आमाले कृष्णेप्रति कुनै दोष र असावधानी रामेबाट हुन गएमा रिसाउँदै उसलाई हप्काउने गरेकी छ- “छोरोलाई तैँले कुन्नि के भन्ठानेको छस्; टुहुरो त होइन- जल्ले पायो जथाभावी गर्ने” (भिक्षु, २०५२, पृ. १२७)। यस उद्धरणबाट कृष्णेकी आमाको रामेप्रतिको व्यवहार हेपाहा र तुच्छ प्रवृत्तिको देखिएको छ। उसले लामो समयदेखि आफ्नो घरमा काम गरेर बसेको रामेलाई छोरालाई जस्तै मायालु व्यवहार देखाउन सकेकी छैन। उसले आफ्नो छोरा कृष्णेलाई जथाभावी नगर्न र चानचुने नठान्न कृष्णेलाई सचेत पनि गराएकी छ । उता रामेले भने कृष्णेलाई सारै माया गर्नेगरेको देखिन्छ। उसले चाहेर पनि कृष्णेलाई नराम्रो गर्ला भन्ने कल्पना पनि गर्न नसकिने कुरा कथामा देखिएको ती दुईको आत्मीय माया र सम्बन्धबाट झल्किएको छ। रामे इमान्दार हुँदाहुँदै पनि घरमा काम गर्न बसेको नोकर भएकै कारणले गर्दा ऊ सधैँ हेपिन परिरहेको छ। यसले गर्दा रामे र साहु गणेशमानकी जेठी पत्नीका बिचमा वर्गद्वन्द्वको स्थिति देखिएको पाइन्छ।

कथामा कृष्णेको बाबु गणेशमान साहुले पनि रामेलाई तुच्छ व्यवहार गर्ने गरेको छ। यस सन्दर्भमा उसले भनेको छ- “ए छुसी ! केटोलाई

बिगारी नै दिन आँटिस् ? त्यो तँ जस्तो भाते होइन !" (भिक्षु, २०५२, पृ. १२७) । यस उद्धरणमा प्रस्तुत गणेशमान साहुको आरोपमा पनि रामेप्रति तुच्छ आक्षेप प्रकट भएको छ । उसलाई छुसी भाते भनेर हेपिएको छ । सधैँ कृष्णेको भलो चिताउँदा पनि रामे दोषी र खराब नै देखिने गरेको छ । उसको जाने ठाउँ अन्त कतै नहुँदा सारै हेपिएर नोकर बनी बस्न ऊ विवश बनेको छ । उसले मुख फोरेर मालिक मालिक्नीसँग केही भन्न र प्रतिवाद गर्न नसकेको भए पनि हेपाहा प्रवृत्तिको विरुद्ध उसको मनमा विद्रोही भावना र विचार सल्बलाउने गरेको देखिन्छ । रामेले मनमनै भनेको छ- "कृष्णे देउता हो, स्वर्गको पुष्प हो, महान् हो ! राममान उसको नोकर, तुच्छ, नगण्य निर्जीव ! ... ऊ (कृष्णे) म जस्तो भाते होइन, उसको घर हो, उसकै श्रीसम्पत्ति, ऊ मालिक हो" (भिक्षु, २०५२, पृ. १२७) । यस उद्धरणबाट आफूलाई हेपिएकोमा रामे असन्तुष्ट भएको देखिन्छ । उसले धनीको छोरो भएकोले कृष्णे जस्तो भए पनि राम्रो, असल, देउता, स्वर्गको पुष्प, महान् र मालिक हुने र आफूले चाहिँ जति राम्रो गर्न खोजे पनि छुसी, भाते, टुहुरो, खराब र बदमास मानिने प्रवृत्तिलाई मनमनै व्यङ्ग्य गरेको छ । उसको यस किसिमको प्रतिक्रियाबाट ऊ साहुकी जेठी पत्नीका साथै साहु गणेशमानसँग असन्तुष्ट भएको बुझ्न सकिन्छ । उसले आफू हेपिनुपरेको कारण गरिब भएको हुँदा नोकर बनेर बस्नुपरेकोले नै हो भन्ने राम्ररी बुझेको छ । कथामा घरेलु परिवेशमा देखिएको उल्लिखित तथ्यले गणेशमान साहु र उसकी जेठी पत्नी सम्पन्न वर्गका र रामे नोकर गरिब सर्वहारा श्रमिक वर्गको भएर परस्पर असहमत र असन्तुष्ट बनेको देखिएका छन् । यसबाट कथामा पात्रहरूका बिचमा वर्गद्वन्द्वको प्रस्तुति भएको देखिन्छ ।

समयक्रममा कथामा कृष्णेकी आमाको अल्पआयुमै स्वर्गवास भएको छ । यसपछि नोकर रामे कृष्णेको रखवारी गर्ने दायित्वप्रति झन् बढी गम्भीर हुन पुगेको देखिन्छ । उसले कृष्णेलाई राम्रो पढाउने र टुहुरो हुन नदिने सङ्कल्प पनि गरेको छ । यसो भए पनि गणेशमान साहुले भने कृष्णेलाई बरालेको र खेलेर भुलाएको आरोप लगाई थप्पर लगाएर घरबाटै घोक्र्याएको छ । उसलाई दिनभरि भोकभोकै हिँड्नुपरेको देखिन्छ । यसैबिच गणेशमान साहुले दोस्रो विवाह गरेको छ । नयाँ मालिक्नी भएर आएकी कृष्णेकी सौतेनी आमाले रामेलाई कजाउने जिम्मा पाएकी छ र कृष्णेले गर्नुपर्ने काम सबै साहुले नै तोकिदिएको छ- "पहिलो कुरा त उसलाई बिगार्ने रामेलाई नै तह लाउनुपर्‍यो । साहुको आज्ञा थियो- नोकर राख्नुपर्दैन; पानी यसैले ल्याउँछ, घर यसले बढार्छ, उठाउने राख्ने काम यसैले गर्छ, ओछ्यान यसैले लगाउँछ, तमाखु यसैले भर्छ; र पसल गएर किनमेल पनि ... " (भिक्षु, २०५२, पृ. १२९) । यस उद्धरणबाट साहु गणेशमानले रामेलाई बेसरी कजाउने अख्तियारी कान्छी पत्नीलाई सुम्पेको देखिएको छ । यति अधिकार पाएपछि नयाँ मालिक्नीले रामेलाई फुर्सद नै नदिई बेसरी कजाउन सुरु गरेकी छ । खुवाएको खेर जान नदिने गरी रामेलाई कजाउन सुरु गरिए पनि उसले कति पारिश्रमिक पाउने भन्ने कथामा कतै खुलेको छैन । रामेले पनि यस विषयमा कतै कुरा उठाएको देखिँदैन । उसले पारिश्रमिकको कुरा गर्ने आँट नै गर्न नसकेको हो कि भन्ने देखिन्छ । यसबाट रामेको श्रमको शोषण पनि भइरहेको बुझिन आउँछ ।

कथामा कृष्णे सौतेनी आमाप्रति विद्रोही बनेको छ । आफ्नै बाबु साहु गणेशमानप्रति पनि ऊ रुष्ट देखिएको छ । यस स्थितिमा रामेले कृष्णेलाई साथ र सहयोग दिएर साहु गणेशमान र नयाँ मालिक्नीप्रतिको आफ्नो असन्तुष्टि प्रकारान्तरले प्रस्तुत गर्न अग्रसर भएको छ । यसैले गर्दा साहु गणेशमानले कृष्णेलाई नपढेको र भनेको नमानेको भनी हप्कीदप्की गर्दा रामेले कृष्णेलाई बचाउन खोजेको छ । उसले भनेको छ- "होइन हजुर, बाबु त दिनहुँ स्कुल जानुहुन्छ, बदमासी पनि गर्नुहुन्न ..." (भिक्षु, २०५२, पृ. १३१) । यस उद्धरणबाट सौतेनी आमा र बाबुको व्यवहारबाट असन्तुष्ट भएर विद्रोही बनेको र आफ्नै वर्गमा रूपान्तरण हुन लागेको कृष्णेलाई सहयोग गरी बचाउन खोजेर रामेले मालिक र मालिक्नीप्रतिको आफ्नो असन्तुष्टि प्रकट गर्न चाहेको देखिन्छ । रामेको यस्तो व्यवहारप्रति साहु आक्रोशित भएको छ । उसले भनेको छ- "अबदेखि तैँले यसलाई साथ लगाइस् त ... ! तैँले नै गर्दा यो यस्तो बिग्रेको; पाजी, बदमाश, भाते इत्यादि ... " (भिक्षु, २०५२, पृ. १३१) । यस उद्धरणमा साहु गणेशमान रामेसँग क्रुद्ध भएको छ । उसले रामेलाई तैँले नै गर्दा कृष्णे बिग्रेको भन्दै झपार्नुका साथै पाजी, बदमास र भाते भनेर तुच्छ व्यवहार देखाएको छ । यसले गणेशमान साहु र नयाँ मालिक्नी एवम् नोकर रामेका बिचको वर्गगत द्वन्द्वले कथामा उचाइ प्राप्त गरेको छ । एक दिन कृष्णेकी सौतेनी आमाले सहिनसक्नु भएर उसलाई कठोर दण्ड दिन थालेकीमा रामेले रोक्न खोजेको छ- "यस्तो नगर्नुस् हजुर ! अब भैगो । ... भो भो हजुर, बिचरा बालख ... हरे ? के गर्नुभएको हजुर, छोडिदिबक्स्योस् अब भयो !" (भिक्षु, २०५२, पृ. १३१) । यस उद्धरणबाट रामेले आफूलाई नोकर भनेर सारै हेप्न थालेकी नयाँ मालिक्नीले कृष्णेलाई दण्डित गर्न थाल्दा अवरोध पुर्‍याउन खोजेको देखिएको छ । उसले यसो गरेर आफूलाई हेप्ने मालिक्नीप्रति विद्रोह गर्नुका साथै हेपाइको बदला लिन चाहेको देखिन्छ । अर्कोतिर मालिकको छोरो भएर पनि सौतेनी आमा भित्रिएपछिको परिस्थितिले गर्दा आफ्नै वर्गमा पर्दै गरेको कृष्णेको पक्ष लिएर विद्रोहको भाव दर्साउन चाहेको पनि देखिन्छ । यही कुरालाई बुझेकी नयाँ मालिक्नीले रामेलाई भनेकी छ- "पख् तँलाई आज यस घरबाट ननिकाली कहाँ छोडौँला ? तँ छुसी मलाई सम्झाउन आउने ! पख्" (भिक्षु, २०५२, पृ. १३१) । यस उद्धरणबाट नयाँ मालिक्नी रामेले कृष्णेको पक्ष लिएको भनेर उससँग क्रुद्ध भएकी छ । उसले रामेलाई घरबाट निकाल्ने उद्घोष पनि गरेकी छ । आफूलाई सम्झाउनको लागि आउने उसलाई छुसी भनेर हप्काएकी पनि छ । रामेले कृष्णेको पक्ष लिएर बदला लिन चाहेको र मालिक्नीले रामेलाई तुच्छ गाली गरेर अनि घरबाट निकाला गरेर रामेलाई दबाउन खोजेकीले कथाको यस घटनामा मालिक वर्गको भूमिकामा रहेकी कृष्णेकी सौतेनी आमा र घरमा काम गर्ने नोकर भएकोले श्रमिक वर्गको भूमिकामा रहेको रामेका बिचमा वर्गद्वन्द्वको उत्कर्ष परिस्थिति बनेको देखिन्छ ।

'मालिकको छोरो' कथामा साहु गणेशमान, उसकी जेठी र कान्छी पत्नी मालिकवर्गका र रामे उनीहरूकै घरमा काम गर्ने नोकर भएकोले गरिबवर्गको पात्र भएर वर्गगत हेपाइ र विरोधका बिच विवादमा अल्झिई असन्तुष्ट बनेका देखिन्छन् । साहु र उसका परिवारले रामेलाई नोकर भनेर हेपाहा व्यवहार गर्नेगरेका छन् भने रामे लामो समयदेखि इमान्दारीपूर्वक मालिकको सेवा गर्दा पनि हेपिनुपरेकोमा खिन्न भएको छ । यसैले गर्दा कृष्णेकी सौतेनी आमाले कृष्णेलाई गाली गर्दा कृष्णेको पक्षमा उभिएर रामेले मालिक र मालिक्नीप्रति विद्रोही भाव देखाएको छ । उसको यस्तो कार्यप्रति साहु र उसकी कान्छी पत्नी असन्तुष्ट भएका देखिन्छन् । यसले गर्दा साहु गणेशमान, उसका दुईवटी पत्नी र नोकर रामे वर्गद्वन्द्वको चापमा परेको देखिएका छन् । यसरी कथामा

मालिक वर्ग र गरिब वर्गको प्रतिनिधित्व गर्ने पात्रका बिचमा सिर्जना भएको वर्गद्वन्द्वलाई देखाइएको पाइन्छ ।

## मैयाँसाहेब कथामा वर्गद्वन्द्व

'मैयाँसाहेब' *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा मैयाँ र अजयका बिचमा वर्गद्वन्द्वको स्थिति देखिएको छ । मैयाँ सम्पन्न र शासकवर्गको प्रतिनिधि भएर देखिएकी छ भने अजय आर्थिक दृष्टिले निम्नवर्गको शासित पात्र भएर देखिएको छ । मैयाँ तत्कालीन राणाहरूको शासनसम्बद्ध परिवारकी छोरी भएकीले उसको ठूलो दरबार छ । घरमा नोकरचाकर र सुसारे कारिन्दा छन् । दरबारका सुसज्जित कोठा र मूल्यवान् वस्त्रभूषा छन् । सरकारी आर्थिक सहायता र संरक्षण प्राप्त छ । यी सबैले गर्दा मैयाँ पूँजीपति बुर्जुवावर्गकी पात्र हो भन्ने देखिन्छ । अजय भने साधारण गृहस्थीको सदस्य भएकोले उसको घर, रहनसहन र पहिरन सबै साधारण किसिमको छ । उसका बाबुले मैयाँकै दरबारमा महारानीको कृपाबाट कारिन्दाको चाकरी गर्ने अवसर पाएकाले त्यसैबाट उसको घर चलेको छ । यस तथ्यबाट अजयको घर र उसको हैसियत सामान्यतः कामकाजी श्रमिकवर्गको जस्तो देखिन्छ । वर्गीय रूपमा भिन्न भए पनि समवयस्क दौतरी भएकाले दरबारमा आवतजावतकै क्रममा यी दुई पात्रका बिचमा मायाप्रेम बढ्दै गएको छ । एकापसमा प्रेम गरेका तिनीहरूमा छोटाइबढाइको स्तरगत छेको भने बाधक बनेको छ ।

कथामा एकदिन अजय दरबारमा पुगेर मैयाँलाई भेट्ने क्रममा दुई पात्रका बिचमा भएको संवादमा अजयले यहाँलाई सन्चो छैन ? के भयो ? भनेर सोधेको छ । त्यसको जवाफमा मैयाँले दरबारको ढङ्गअनुसार यसरी सोध्न सुहाउँदैन । हजुरलाई आराम छैन कि ? भनेर सोध न भनी सम्झाएकी छ । अजयले मलाई माफ गर्नुहोस् भनेपछि मैयाँले माफ गरिदिबक्सियोस् भन्नु पर्दैनथ्यो ? भनेर अजयलाई जवाफ फर्काएकी छ (भिक्षु, २०६३, पृ. ३) । कथामा दुई पात्रका बिचमा भएको यस संवादमा मैयाँले आफूलाई अजयबाट माथिल्लो स्तरको भाषिक सम्बोधन र सम्मान खोजेकी देखिन्छ । उसले अजयलाई दरबारको ढङ्गअनुसार बोल्न सम्झाएकी छ । फेरि आफूले भने अजयलाई तिमी भनेर मध्यम आदरार्थीको सम्बोधन गरेकी छ । यति हुँदा पनि अजयले आफूबाट गल्ती भएको भनेर माफीसमेत मागेको देखिन्छ । यस तथ्यबाट मैयाँले आफूलाई शासकवर्ग र अजयलाई शासितवर्गको हैसियतमा हेर्न चाहेको बुझिन आउँछ । अजयले माफी नै मागेको भए पनि मैयाँको यस प्रवृत्तिलाई स्वाभाविक रूपमा ग्रहण गर्न भने चाहेको देखिँदैन । यस सन्दर्भमा उसले भनेको छ- "के हामीले परस्पर माया गरेका छैनौँ र ? हामी एउटाले अर्कोलाई त्यति नजिक पारेका छैनौँ र जहाँ यी पहिला श्रेणीका सम्मानार्थक शब्दहरू कृतिम हुन आउँछन्" (भिक्षु, २०६३, पृ. ४) । यस उद्धरणमा अजयले मैयाँलाई आफूहरू प्रेमसम्बन्धले गर्दा नजिक भएको कुरा सम्झाउन खोजेको देखिन्छ । नजिकको सम्बन्ध भएकोले गर्दा पहिलो श्रेणीका सम्मानार्थक शब्दहरू कृतिम हुने उसको विचार रहेको छ । मैयाँले भने अजयको यस विचारलाई स्वीकार गर्न चाहेकी छैन । उसले अजयको विचार सुनेपछि झर्किँदै र उसलाई चुप लाग्न भन्दै आफूले अनुमान गरेको भन्दा पनि ऊ तल्लो श्रेणीको मानिस भएको भनेकी छ । उसले फेरि भनेकी छ- "अजय म तिमीलाई माया गरेको अस्वीकार गरेर आज दोस्रो भूल गर्न चाहदिनँ; माया गरेकी छु; गरिनै रहनेछु, तर यो भूल नै !" (भिक्षु, २०६३, पृ. ४) । यस उद्धरणबाट मैयाँको विचार विरोधाभासपूर्ण रहेको देखिन्छ । एकातिर उसले अजयलाई माया गरेकी र गरिनै रहने भनेकी छ भने अर्कोतिर उससँगको मायाप्रेमलाई भूल भएको भनेकी छ । अजयसँगको मायाप्रेमलाई भूल ठान्नु अर्थपूर्ण देखापर्छ । यसले वर्गगत विभेदलाई औल्याएको छ । भित्रभित्रै माया गर्न चाहेकी भए पनि सामाजिक रूपमा मैयाँ घरानियाँ बुर्जुवावर्गकी र अजय कामकाजी शासितवर्गको भएकोले मैयाँले यसलाई भूल ठानेकी स्पष्ट देखिन्छ । अजयले भने मैयाँको मायाप्रेमसम्बन्धी यस्तो दृष्टिकोणलाई रुचाएको छैन । उसले भनेको छ- "कदाचित् प्यारको यो व्याख्या र वर्णन सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको उब्जा हो, मायाको वास्तविकता यो होइन । मलाई हीन मानेर परपरै रही ठूल्याइँको इज्जत बचाउने लोभ यो होइन र ?" (भिक्षु, २०६३, पृ. ५) । यस उद्धरणबाट अजय मैयाँको मायाप्रेमसम्बन्धी दृष्टिकोणसँग असहमत देखिएको छ । उसले मैयाँद्वारा प्रस्तुत मायाप्रेमसम्बन्धी विचारलाई सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको कारणबाट निर्देशित ठानेको छ । मैयाँको यस विचारले उसलाई ठालु देखाउने र आफूलाई हीन देखाएर हेप्न चाहेको अजयको ठम्याइ रहेको देखिन्छ । हुन पनि मैयाँले आफूलाई ठूलो श्रेणीको देखाउन र अजयलाई तल्लो श्रेणीको देखाएर होच्याउने प्रवृत्ति अँगालेकी छ । यस्तो प्रवृत्तिप्रति अजय असन्तुष्ट बनेको देखिन्छ । परस्पर मायाप्रेम गरेका दुई पात्रका बिचमा देखिएको यस किसिमको श्रेणीगत वा वर्गगत मतभेद र असहमतिले मैयाँ र अजय वर्गद्वन्द्वको चापमा परेको देखिएका छन् ।

अजयले मैयाँसँग प्रेम गरेको भए पनि उसको अर्कै युवतीसँग विवाह भएको छ । यसपछिको भेट र कुराकानीमा मैयाँले अजयलाई भनेकी छ- "तिम्रो बिहा भएर कमसेकम अब त तिमीले थाहा पाउनु नै पर्ने थियो कि तिमी मेरो 'प्राप्य' होइनौ र यो कुरा मलाई पहिलेदेखि नै थाहा थियो" (भिक्षु, २०६३, पृ. ६) यस उद्धरणमा मैयाँको वर्गगत विभेदयुक्त विचार प्रकट भएको छ । उसले आफू उच्चवर्गकी र अजयलाई निम्नवर्गको भएको सङ्केत गरेर प्रेम नै भए पनि यही वर्गगत छेकोको कारणले गर्दा आफूहरूका बिचमा विवाह हुन नसक्ने कुरा पहिले नै थाहा पाएको मैयाँको कथन देखिन्छ । अजय भने सामाजिक रूपमा माथिल्लो र तल्लो तह सिर्जना गरेर प्यारमा भेद गर्न नहुने भन्दै मैयाँको वर्गगत विभेदयुक्त विचारप्रति असहमत देखिएको छ । उता मैयाँले भने आफ्नो वर्ग र अजयको वर्गमा भेद भएको प्रमाणित गर्न चाहेकी छ । उसले आफ्नो परिवार र वंशका साराका अगाडि अजयजस्ताले उच्च श्रेणीको सम्बोधन अनि भाषाको प्रयोग गर्नुपर्ने र त्यसो नगरी उपाय नै नहुने भएकोले आफूहरूबिच खास भेद छ भनेर अजयलाई सम्झाउन चाहेकी छ । यस्तो अभिव्यक्तिले मैयाँ र अजयका बिचमा वर्गगत द्वन्द्वको प्रस्तुति भएको प्रस्ट देखिन्छ ।

समयको क्रमसँगै कथामा नवीन परिस्थिति बन्दै गएको छ । अजय तत्कालीन राणाशासनका विरुद्धमा चलिरहेको राजनीतिक क्रान्तिमा गुप्त रूपमा सहभागी हुन थालेको छ । यो कुरा थाहा पाएर मैयाँले चिठीका माध्यमबाट सोधेकी छ- "सुन्दछु, तिमी कुनै गुप्त षडयन्त्रमा पनि उत्रेका छौ; विरोध छैन, तर भन त देशभक्तिले विह्वल भएर हो कि यसमा कुनै प्रतिक्रिया छ; प्रतिक्रिया नै हो कि कुनै लालसा" (भिक्षु, २०६३, पृ. ७) । यस उद्धरणबाट मैयाँले अजयको क्रान्तिमा सहभागिताप्रति चासो राखेकी देखिएको छ । वास्तवमा तत्कालीन

समयमा राणासम्बद्ध व्यक्तिहरूले आफूलाई ठालु ठान्ने, माथिल्लो श्रेणीको मान्ने र अजयजस्ता मानिसहरूलाई शासित एवम् निम्न तह र श्रेणीको मानेर विभेदपूर्ण व्यवहार गर्ने गरेकाले त्यसबाट असन्तुष्ट भएर अजयजस्ता तमाम मानिसहरू राणशासनका विरुद्धको क्रान्तिमा सक्रिय भएका देखिन्छन् । अजय पनि त्यसरी नै सहभागी भएको छ । अजयको यस्तो राजनीतिक सक्रियताप्रति मैयाँ भने असन्तुष्ट बनेकी छ । उसले अजयको सक्रियतालाई देशभक्तिले नभएर लालसाले गर्दा आफ्नो वर्गका विरुद्ध लागेको ठानेकी छ । अजयले भने राजनीतिक क्रान्तिका माध्यमबाट मैयाँजस्ता ठालुवर्गलाई शासनबाट अपदस्थ गरेर देशमा प्रजातन्त्र ल्याउन चाहेको छ । मैयाँ र अजयका यी विविध फरक विचार र क्रियाले गर्दा कथामा दुई पात्रका बिचमा वर्गद्वन्द्वको उत्कर्ष परिस्थिति बनेको देखिन्छ ।

‘मैयाँसाहेब’ कथामा मैयाँ शासक वर्गकी र अजय उसकै दरबारमा काम गर्ने कारिन्दाको छोरो भएकोले ऊभन्दा तल्लो स्तरको शासितवर्गको पात्र भएर देखिएका छन् । परस्परमा प्रेमसम्बन्ध रहेको भए पनि मैयाँले अजयलाई होचो र तल्लो देखाउन खोजेकी र अजयले भने समान स्तरमा हेर्न चाहेबाट दुई पात्रका बिचमा विरोधको स्थिति बनेको छ । यसैबिच अजय राणाविरोधी राजनीतिक क्रान्तिमा सक्रिय भएर आफ्नो वर्गीय स्तरलाई माथि उठाउन लागेको देखिन्छ । उसको यस्तो कार्य आफ्नो वर्गका विरुद्धमा भएको बुझेर मैयाँ असन्तुष्ट भएकी छ । यसले गर्दा मैयाँ र अजय वर्गकेन्द्रित द्वन्द्वको चापमा परेको देखिएका छन् । यसरी शासकवर्ग र शासितवर्गको प्रतिनिधित्व गर्ने पात्रका बिचमा कथामा वर्गद्वन्द्वको आयोजन गरिएको देखिन्छ ।

## हारजित कथामा वर्गद्वन्द्व

‘हारजित’ *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा घुरहू, उतराहे, बदरिया, तोयफवा, अलगुवासमेतका पात्रहरू विपन्नवर्गका ग्रामीण किसान प्रतिनिधि भएर देखिएका छन् । अर्कोतर्फ मनोहर र उसको छोरो सम्पन्नवर्गको भूमिकामा रहेका छन् । कथामा गरिब किसानहरूको संरक्षक मानिएको घुरहू धेरै जायजेथा र ठूलो घर भएको व्यक्ति नभई गाउँमा आइपरेका आपत्विपत्मा गाउँलेलाई सहयोग गर्ने निर्णायक व्यक्तित्व भएर देखिएको छ । मनोहर भने पशुधन र घरखेत धेरै भएको अनि गाउँलेलाई ब्याजमा ऋण उपलब्ध गराउने रूपैयाँवाला जमिन्दार भएर चिनिएको छ । वर्गीय दृष्टिले हेर्दा घुरहूसमेत गाउँलेहरू आर्थिक रूपमा गरिबवर्गका र मनोहर सम्पन्न जमिन्दारवर्गको भएर कथामा दुई वर्गका पात्रहरू देखिएका छन् । कथामा अलगुवाकी बुहारी सोनवा मनोहरको घरमा मजुरी बस्न गएकी भन्ने घटनाबाट विवाद बढ्न गएर द्वन्द्वको सिर्जना भएको छ । घरको अनुमति नलिई भागेर आएकी सोनवालाई मनोहरले आफ्नो खेतीपातीको काम गर्न मजुरी राखेको छ । घुरहू महतोसमेत सारा गाउँलेहरू मनोहरले सोनवालाई उसकै घरमा फिर्ता पठाउनुपर्छ भनिरहेका देखिन्छन् । मनोहरले भने खेतीको काम नसकिकन फिर्ता पठाउन चाहेको देखिँदैन । यसले गर्दा कथामा दुई वर्गमा विभाजित पात्रहरूका बिचमा द्वन्द्व बढ्न गएको पाइन्छ ।

सोनवा मनोहरको घरमा मजुरी बस्न गएकीले सिर्जना भएको विवादको विषयलाई लिएर उतराहेको घरमा पञ्चायत बसेको छ । पञ्चायतमा बदरियाले भनेको छ- “मनोहर काका केको झन्झट ! सोनवालाई भगाउनुस्, अलगुवा गरिब तपाईंकै शरणमा छ । उसको त छोरो भने पनि बुहारी भने पनि सोनवा नै रहिछ, फसल काट्ने ताउको बखत आयो, अन्न सँगालिएन भने बिचरा भोकै मर्नेछ । हटाउनुस् यो टैटन्टा, है मनोहर काका !” (भिक्षु, २०६३, पृ . ४२) । यस उद्धरणबाट बदरियाले सोनवालाई मजुरीमा राख्ने मनोहरको कार्य गलत भएको भन्ने देखाउन खोजेको पाइन्छ । उसले मनोहरलाई झन्झटमा नफस्न र सोनवालाई उसकै घरमा फर्काइदिन भनेको छ । उसको यो भनाइ सोनवालाई मनोहरले मजुरीबाट छुटाई उसकै घरमा फिर्ता गर्नुपर्छ भन्ने पक्षमा रहेका सबै गाउँले गरिब किसानका तर्फबाट व्यक्त भएको छ । मनोहर भने मजुरको कुरा भएको हुँदा कटनीको काम नसकिएसम्म सोनवालाई फिर्ता गर्ने पक्षमा देखिँदैन । सोनवालाई फिर्ता नगर्ने उसको अडान बुझेपछि घुरहूले सम्झाउँदै भनेको छ- “मनोहर भाइ, सोनवा मजुर होइन, तपाईंकी, हाम्री छोरीबेटी पनि हो । अलगुवाको आफ्नै खेत काट्नुपर्नेछ । उसले मजुरी गर्न पठाएको होइन, ... सोनवालाई पठाइदिनोस्” (भिक्षु, २०६३, पृ. ४३) । यस उद्धरणमा घुरहूले पनि सोनवालाई उसकै घरमा फिर्ता पठाउन दबाब दिएको देखिन्छ । गाउँमा छोरीबेटी र बुहारीलाई मजुरी राख्न नहुने भन्ने चलन रहेको छ । अझ अलगुवाको आफ्नै घरमा पनि खेत काट्नुपर्ने चटारो छ । यस्तो परिस्थितिमा घरपरिवारको अनुमति नलिई भागेर आएकी अलगुवाकी बुहारी सोनवालाई उसकै घरमा फिर्ता पठाउनुपर्छ भन्ने घुरहूको आशय बुझेपछि मनोहरले मजुरी बसेकी सोनवालाई फिर्ता नपठाउने अडान लिएको छ । उसले भनेको छ- “घुरहू दाइले कुरा ठिक्कै भन्नुभो, तर मकहाँ बसेर सोनवाको इज्जत जाने, तपाईंकहाँ भए नजाने कुरा मैले बुझिनँ” ( भिक्षु, २०६३, पृ. ४३) । यस उद्धरणबाट मनोहरले आफ्नो आशय स्पष्टसँग प्रस्तुत गरेको छ । ऊ आफ्नो घरमा मजुरी बस्दा सोनवाको इज्जत जाने कुरामा असहमत देखिएको छ । उसले आफ्नो घरमा ऊ सुरक्षित रहने कुरामा सबैलाई विश्वस्त तुल्याउन चाहेको छ । सबै गाउँले गरिब किसानहरू भने मनोहरको कुरामा विश्वस्त हुन सकिरहेका छैनन् । उनीहरूले सोनवालाई मनोहरले फिर्ता गरोस् भन्ने नै चाहन्छन् । यस्तो स्थितिले गर्दा गाउँले किसान र मनोहरका बिचमा वर्गगत द्वन्द्व पेचिलो हुँदै गएको देखिन्छ ।

कथामा मनोहर र गाउँलेका बिचमा विश्वासको सङ्कट बढ्दै गएको छ । विवादले आरोपप्रत्यारोपको रूप लिएको देखिन्छ । यसैबिच मनोहरको कुरामा विश्वास नभएको दर्साउँदै तोयफवाले भनेकी छ- “मनोहर दाइ, कुरा नबढाउनुस्, तपाईंको छोरो र तपाईंको पनि आँखा सोनवामाथि गडिरहेको अरूले नबुझे पनि हामी आइमाई थाहा नपाउने होइनौं । ठूलो हुँदैमा अर्काको इज्जत नमान्ने अख्तियार कसैको हुँदैन । सोनवालाई पठाई नै दिनुपर्छ” (भिक्षु, २०६३, पृ. ४३) । यस उद्धरणबाट मनोहर र उसको छोराले समेत सोनवाको रूप र सुन्दरताप्रति आँखा गाडिरहेको आरोप तोयफवाले लगाएकी देखिएको छ । उसले धनी सम्पन्नवर्गका मानिसको यस्तो प्रवृत्तिले गाउँसमाजको इज्जतमाथि धावा बोलिएको भनेर खरो प्रस्तुति गरेकी छ । उसको भनाइको तात्पर्य गाउँको इज्जत बचाउन पनि मनोहरले सोनवालाई फर्काउनै पर्छ भन्ने रहेको छ । तोयफवाको कुरा सुनेपछि मनोहर जङ्गिएको छ । उसले आँखा राता पार्दै भनेको छ- “तैंले भन्दैमा पठाइने हो र, बढो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर् ...” (भिक्षु, २०६३, पृ. ४३) । यस उद्धरणबाट मनोहरले तोयफवाको इज्जतमाथि पनि प्रश्न उठाएको छ । उसले तोयफवाले भन्दैमा सोनवालाई फिर्ता नगर्ने हाँक पनि दिएको देखिन्छ । तोयफवालाई हाँकका साथ सुनाएर मनोहरले सोनवालाई फिर्ता गर्नुपर्छ भन्ने पक्षमा रहेका घुरहूलगायत सबै गरिब

गाउँले किसानहरूलाई विवादका विषयमा आफ्नो विचार स्पष्टसँग सुनाएको छ । ऊ तोयफवामाथि तुच्छ आरोप र अपमानजनक रूपमा प्रस्तुत भएर विवादलाई समाधानभन्दा पनि चर्काउन उद्दत रहेको देखिन्छ । यसबाट गाउँलेहरू उससँग असन्तुष्ट देखिए पनि मुख खोलेर विरोधमा बोल्न भने सकिरहेका देखिँदैनन् । यस प्रकारसँग घुरहूलगायत गरिब किसान गाउँलेहरू मनोहरसँग अनि गाउँको जमिन्दार धनी व्यक्ति मनोहर गाउँलेहरूसँग असन्तुष्ट र असहमत भएर कथामा दुई वर्गका बिचको द्वन्द्वको स्थिति पेचिलो बन्दै गएको देखिन्छ । सोनवाको मजुरीको विषयलाई लिएर बसेको पञ्च भेलामा समस्याको समाधानभन्दा पनि विवाद झन् बल्झिएर द्वन्द्व उत्कर्षमा पुगेको छ । यी विविध कथात्मक सन्दर्भबाट कथाका दुई वर्गमा विभाजित पात्रहरू परस्पर वर्गद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'हारजित' कथामा मनोहर मालिक वर्गको र विवादमा अग्रसर भएका अरू पात्र निम्नवर्गका पक्षधर पात्र भएर देखिएका छन् । मनोहरले अलगुवाकी बुहारी सोनवालाई मजुरीमा राखेको विषयमा विवाद चर्किंदा पात्रहरू वर्गगत रूपमा विभाजित भएका देखिन्छन् । उसले सोनवालाई फिर्ता नगर्ने अडान लिएको र अरू गाउँलेहरू फिर्ता गराउन अग्रसर हुँदा कथामा दुई वर्गका बिचमा विरोधको स्थिति सिर्जना भएर पात्रहरू वर्गद्वन्द्वको चापमा परेको देखिएका छन् । यसरी मालिक वर्ग र गरिब किसान वर्गको प्रतिनिधित्व गर्ने पात्रका बिचको विवादलाई देखाएर कथामा वर्गद्वन्द्वको आयोजन गरिएको पाइन्छ ।

**वन्दना कथामा वर्गद्वन्द्व**

'वन्दना' *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा कृष्णलाल आभिजात्य बुर्जुवावर्गको सम्पन्नशाली पात्र र शङ्कर सर्वहारावर्गको प्रतिनिधि पात्र भएर देखिएका छन् । वन्दना मध्यवित्त परिवारकी र शङ्करसँगै कम्युनिस्ट पार्टीको सदस्य बनेकी छ । उसले परस्परको प्रेमसम्बन्धको कारणले कृष्णलालको विचारलाई मन पराएकी छ र कम्युनिस्ट पार्टीप्रति पनि समर्पित भएकी छ । कथामा एक दिन वन्दना र शङ्कर साँझपखको समयमा टुँडिखेलको खुला मैदानमा बसेर राजनीतिक विषयमा छलफल गर्दै गरेका छन् । त्यतिकै बेला त्यहाँ कृष्णलाल पनि आइपुगेको छ । यसपछि तीनै जना कुराकानी गर्दै भद्रकालीतर्फ लागेका छन् । कुराकानीकै क्रममा वन्दनाले यतिका दीनदुःखी भोकै मर्न लागेकामा तिमी सम्पत्ति सँगालेर एक्लै यत्तिको सम्पन्न हुने अधिकार कसरी पायौ भनेर कृष्णलालसँग सोधेकी छ । वन्दनाको प्रश्नको उत्तर दिँदै कृष्णलालले भनेको छ- "यत्तिका गरिबहरू छन् भन्दैमा म आफूलाई समेत दरिद्री तुल्याउन रुचाउँदिनँ । बरु सबै सम्पन्न होऊन् भन्ने मेरो हार्दिक आकाङ्क्षा अवश्यमेव छ" (भिक्षु, २०६३, पृ. ६५) । यस उद्धरणबाट कृष्णलालले धेरै मानिसहरू गरिब छन् भन्दैमा आफू पनि उनीहरूसँगै गरिब दरिद्री बन्न नसक्ने उद्घोष गरेको देखिन्छ । उसले समाजका सबै मानिसहरूलाई सम्पन्न बनाउन लाग्नुपर्ने कुरामा जोड दिएको छ । वन्दना र शङ्करले पनि सबैलाई सम्पन्न पार्न चाहेकोमा उसले प्रशंसा पनि गरेको छ । यसो भए पनि सम्पन्नता ल्याउने क्रममा सम्पन्नताप्रति नै आक्रोश र उग्र ईर्ष्या आउन नहुने उसको भनाइ रहेको देखिन्छ । शङ्कर भने कृष्णलालको कुरामा सहमत देखिँदैन । उसले कृष्णलालको भनाइको खण्डन गर्दै भनेको कुरालाई भिक्षु (२०६३) ले यसरी उल्लेख गरेका छन् :

> तर यो सबै बुर्जुवाहरूको सफा धुर्त्याइँ मात्र हो सैकडौं वर्षदेखि तिमीहरूले आफ्नो बचाउको लागि यस्तै कुरा दोहोऱ्याइरहेका छौ, तर यो बताऊ कि सबैका लागि सम्पन्नता ल्याउने बाटो नै तिमीले कहाँ छोडिराखेका छौ ? उत्पादनको एउटा सीमा छ, त्यसमा अनुकूल बाँडफाँड हुनुपर्नेमा तिमीहरूले हजारौँका भाग एक जनाले मात्र हत्याइराखेका छैनौ र ? फेरि सबै सम्पन्न कसरी हुन सक्लान् ? रङ्ग न ढङ्गको फोस्रो बकवाद मात्र ! तिमी सारा ठक हौ (पृ. ६६) ।

यस उद्धरणबाट सर्वहारावर्गको प्रतिनिधि बनेर कथामा देखिएको शङ्करले तमाम गरिब मानिसहरूलाई माथि उठ्न नदिने र सम्पन्न हुनबाट रोक्ने कृष्णलालजस्ता पूँजीपति बुर्जुवाहरूकै षडयन्त्र हो भन्ने कुरालाई जोड दिन चाहेको देखिन्छ । बुर्जुवाहरूले हजारौँका भाग एक्लै हत्ताइरहेका र सैकडौँ वर्षदेखि यस्तै धुर्त्याइँको सहारा लिएर गरिब श्रमिकवर्गका मानिसहरूलाई ठग्ने काम गर्दै आएका हुँदा यस्तै अवस्था रहेसम्म गरिब मानिसरू सम्पन्न हुन नसक्ने शङ्करको विचार रहेको छ । अब यस्तो फोस्रो बकवादको पछि नलागेर उत्पादनको सीमाको उचित बाँडफाँड गरी श्रमिकवर्गलाई सम्पन्न तुल्लाउन अघि बढ्नुपर्ने कुरामा उसले जोड दिन चाहेको छ । उसले कृष्णलालको कुरालाई रङ्ग न ढङ्गको फोस्रो बकवाद मात्र भएको आरोप पनि लगाएको छ । शङ्करको यस्तो आक्रामक विचार र आरोपका बारेमा प्रतिक्रिया जनाउँदै कृष्णलालले भनेको छ- "शङ्कर, तिमीलाई अहिले उत्पादनको चाहिएजत्तिको पूर्ति छैन भन्ने कुरा त आफ्नो यस उत्तरमा स्वीकार गर्नैपऱ्यो । ... उत्पादनको लागि श्रम गर्ने परिश्रमतिर तिम्रो कुनै विशेष चेष्टा छैन र कदाचित् प्रयत्नतिर तिम्रो विश्वास पनि छैन" (भिक्षु, २०६३, पृ. ६६) । यस उद्धरणबाट कृष्णलालले अहिले बजारमा मागअनुसारको उत्पादन नभइरहेको यथार्थलाई बुझ्न शङ्करसँग आग्रह गरेको देखिन्छ । उसले धनी मानिसहरूलाई गाली गरेर मात्र गरिबको उन्नति नहुने भएकोले उत्पादन बढाउने खालको श्रम गर्नेतर्फ सबै लाग्नुपर्नेमा यसतर्फ श्रमिकवर्गको वकालत गर्नेहरूले खास चासो नदिएको भनेको छ । शङ्करजस्ताको ध्यान र विश्वास यस्ता कुरामा नभई उनीहरू केवल खानलाउन पुग्नेहरूप्रति आक्रोश पोख्नमै केन्द्रित रहेको आरोप पनि कृष्णलालले लगाएको छ । सबै मानिसहरू उत्पादन बढाउने काममा लाग्ने हो भने यस्तो आक्रोशको स्थिति नदेखिने कुरा बुझ्न नसकेर श्रमिकवर्गको प्रतिनिधित्व गर्नेहरू उत्पादनहीनत्वको समर्थन गरी केवल दरिद्रताको भागबन्डा गर्ने मार्गलाई पछ्याइरहेकामा उसले आश्चर्य प्रकट गरेको छ । उसले सम्पन्नतामा आस्था राख्न र परिश्रममा विश्वास गर्न शङ्करसँग आग्रह पनि गरेको छ । कृष्णलालको कुरा सुनेपछि शङ्करले देखाएको प्रतिक्रियाको चर्चा गर्दै भिक्षु (२०६३) ले लेखेका छन् :

> वन्दनामा कृष्णलालको कुराको कस्तो प्रभाव परेछ भन्ने विचार चेतना आई शङ्करले वन्दनातिर आँखा उठाएर हेर्नेबित्तिकै उसमा पुनः एउटा आवेगको हुरी आयो र झर्कंदै उसले भन्यो- "तिम्रो यस्तो बनावटी दर्शनको प्रभावले नै हाम्रो कामरेड वन्दना पनि एकछिनअघि नै परिश्रम परिश्रम फलाकिरहेकी थिइन् तर यो जम्मै ट्याक्टिस हो, सचेत सर्वहारा आज तिम्रो यस जालमा आउन सक्तैन (पृ. ६७) ।

यस उद्धरणबाट शङ्करले कृष्णलालको विचारलाई सिधै अस्वीकार गरेको देखिन्छ । उसले कृष्णलालको कुरालाई बनावटी दर्शन र फर्जी

ट्याक्टिस भन्दै आम सर्वहारावर्गका मानिसहरू यस्तो झुठो जालमा पर्न नसक्ने भनेको छ । कथामा देखिएका यी तथ्यले पूँजीपति बुर्जुवावर्गको प्रतिनिधि कृष्णलाल र सर्वहारा श्रमिकवर्गको प्रतिनिधि शङ्कर एकअर्कासँग असहमत र असन्तुष्ट बनेका र समाधानको कुनै उपाय पनि नदेखिएकोले कथामा दुवै पात्र वर्गद्वन्द्वको चापमा परेका देखिन्छन् । वर्गगत द्वन्द्वकै बिच शङ्करले वन्दनालाई पार्टीको निर्णय भन्दै दबाबमा पारेर कृष्णलालका बाबुको रिभल्वर चोरेर ल्याउन लगाई त्यसैको दुरूपयोग गरी कृष्णलालको हत्या गरेको छ । यस घटनाबाट सर्वहारावर्गको वकालत गर्दै हिँडेको शङ्कर विचार नमिल्ने असहमत पक्षको हत्या नै गर्न अग्रसर भएको बुझ्न सकिन्छ । यी कथात्मक सन्दर्भबाट कथाका दुई वर्गमा विभाजित पात्रका बिचको द्वन्द्व जटिल मोडमा पुगेको देखिएको छ ।

'वन्दना' कथामा कृष्णलाल पूँजीपतिवर्गको र शङ्कर सर्वहारावर्गको प्रतिनिधि पात्र भएर देखिएका छन् । शङ्करले धनी पूँजीपतिवर्गले सबै सम्पत्तिमा हक जमाएकोले सर्वहारावर्गका मानिसहरू गरिब भएर बाँच्न बाध्य भएको भनेको र कृष्णलालले भने उत्पादनहीनताको समर्थन गरी केवल दरिद्रताको भागबन्डा गर्ने मार्गलाई पछ्याइरहेको भन्ने आरोप लगाइरहँदा दुई पात्रका बिचमा वर्गगत रूपमा असहमति र असन्तुष्टि बढेको छ । यही विषयमा विवाद चर्किंदा शङ्करले कृष्णलालको हत्या गरेको स्थिति देखिएकोले दुई पात्रका बिचको वर्गगत द्वन्द्वले हिंसात्मक रूप लिएको कथामा देखिएको छ । यसरी पूँजीपतिवर्ग र सर्वहारावर्गको प्रतिनिधित्व गर्ने पात्रका बिचमा गम्भीर वैचारिक विवाद देखाएर कथामा वर्गद्वन्द्वको आयोजन गरिएको देखिन्छ ।

**बन्दोबस्त कथामा वर्गद्वन्द्व**

'बन्दोबस्त' *आवर्त* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा सिंहदरबारिया कारिन्दा, उसकी श्रीमती कारिन्देनी र अड्डाको हाकिम माथिल्लो र सम्पन्नवर्गका अनि पिरतीमाया र उसको बाबु विपन्नवर्गका पात्रका रूपमा देखिएका छन् । माथिल्लो र सम्पन्नवर्गका पात्रमध्ये सिंहदरबारिया कारिन्दा सरकारी जागिर र शक्तिको पहुँच भएको अनि सहरमा घर, नोकरचाकर राख्ने क्षमता भएको पात्रका रूपमा देखिएको छ । उसकी श्रीमती पतिका सहाराले अनि घरमा नोकरचाकरलाई हैकमका साथ कजाउने भएर देखिएकी छ । अड्डाको हाकिम पनि सरकारी शक्तिको आड र जागिरको आम्दानीले गर्दा माथिल्लै वर्गको देखिन्छ । अर्कोतर्फ पिरतीमाया र उसको बाबु विकट गाउँका विपन्नवर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएका छन् । सारै गरिब भएकैले गर्दा पिरतीमाया सहरमा आएर घरेलु नोकर्नीको रूपमा काम गरेर बसेकी छ । यिनै सम्पन्न र विपन्नवर्गका पात्रहरूका बिचमा वर्गद्वन्द्वको परिस्थिति सिर्जना भएको देखिन्छ ।

कथामा पिरतीमाया केटाकेटी छँदै आमा मरेर टुहुरी भएकीले उसको गरिब बाबुले धेरै दुःख र कष्टका साथ हुर्काएको भनेर देखाइएको छ । हुर्केबढेर तरुणी भएकी छोरीलाई बूढाले दुईचार पैसा भए पनि आम्दानी होला भन्ने आसले काठमाडौँ सहरमा कामका लागि पठाएको छ । सहरमा आएर पिरतीमाया सिंहदरबारिया कारिन्दाको घरमा नोकर्नी भएर बसेकी छ । महिनाको जम्मा चार रूपैयाँ तलबमा कारिन्देनीका छ जना सन्तानको स्याहारसुसारदेखि घरको प्रायः सबै काम उसैले गर्न थालेकी छ । ऊ बधुवा मजदुरझैँ भएकी छ । यस सन्दर्भमा कथामा भनिएको छ- "कसैसित कुरा गर्न भएन, कसैकहाँ जानु हुँदैन, कसैसित बस्न हुँदैन, कसैलाई घरमा बोलाउन त कहाँ पाइन्छ र ? अपराध नगरे पनि थुनुवाको जिन्दगी" (भिक्षु, २०३२, पृ. १०) । यस उद्धरणले पिरतीमाया पिल्सिएर काम गर्न बाध्य भएकी देखाएको छ । उसले कसैकहाँ जान, कसैसित कुरा गर्न, कसैसँग बस्न र कसैलाई घरमा बोलाउन पाउँदिन । उसलाई दासलाई जस्तो व्यवहार गरिएको देखिन्छ । यसैबिच पिरतीमायाको बाबु छोरी खोज्दै आइपुगेको छ । उसलाई कारिन्देनीले गरिब भनेर तुच्छ व्यवहार गरेकी छ । बूढाले छोरीले काम गर्ने घरमा बास पनि पाएको छैन । ऊ पाटीमा गएर सुत्न बाध्य भएको छ । यस घटनाबाट पिरतीमाया र उसको बाबु असन्तुष्ट बनेका देखिन्छन् ।

कथामा पिरतीमायाको बाबुले पाउने हिसाब लिएर छोरी कामबाट छुटाई फिर्ता लान खोजेको छ । बूढाको कुरा सुनेपछि सिंहदरबारिया कारिन्दा र उसकी श्रीमती कारिन्देनीले यो त यस बाहुनीको बाबु नै होइन । मानिस बेच्ने दलाल हो भन्दै बाबुछोरीलाई नै गालीझपार गरेका छन् । यसबाट क्रुद्ध भएको बूढाले भनेको छ- "छोरीलाई अब त छोडी जाने हैन ! गरिपमाराले यतिन्जेल चाकरी गराएको पैसा मार्ने जुक्ति पो त" (भिक्षु, २०३२, पृ. १०) । यस उद्धरणबाट पिरतीमायाको बाबु आक्रोशित भएको देखिन्छ । कारिन्दा र उसकी पत्नीले यतिन्जेल आफ्नी छोरीलाई काम गराएर पारिश्रमिक नदिई पैसा मार्ने जुक्ति खोजेको आरोप लगाउँदै उसले छोरीलाई उनीहरूको घरबाट छुटाई लिएर जाने अड्डी लिएको छ । यसले गर्दा कथामा दुई पक्षका बिचको असहमति र विवाद बढ्न गएको छ । पिरतीमायाका बाबुले हल्लीखल्ली गरेपछि भने धोतीचोलो र चियाको कप फुटाएको बाह्र रूपैयाँ कट्टा गरी बाँकी बाह्र रूपैयाँ पारिश्रमिक दिन कारिन्दाका बूढाबूढी बाध्य भएका देखिन्छन् । काम गर्न बसेको घरबाट निस्केपछि छिडीकी बाहुनीको सहयोगमा पिरतीमाया काशीमा काम गर्न जाने भएकी छ । यसपछि राहदानी अड्डामा पुग्दा सिंहदरबारिया कारिन्दाको आफन्त पर्ने हाकिम कर्मचारीले बूढालाई पिरतीमायाको बाबु नै होइन भनेर बखेडा झिकेको र बूढो जङ्गिएपछि राहदानी बनेको देखिन्छ । पिरतीमाया काशी जान लागेकी भन्ने कुरा सिंहदरबारिया कारिन्दाले थाहा पाएपछि उसले भनेको कुरालाई भिक्षु (२०३२) ले कथामा लेखेका छन् :

> जुनसुकै जालझेल गरेर पनि त्यस पहाडिया बाहुन र उसकी छोरीको पेट भर्न, अझ घरको सावगास सप्रन दिन हुन्न, उनीहरूलाई छोडेर जान लागेको सजायँ त त्यस नकच्चरीलाई दिनै पर्छ त्यति नभएर अड्डाखानामा नोकरी खाएको आफिसरी अधिकारको अर्थ नै के भयो र ?" (पृ. १२) ।

यस उद्धरणबाट अफिसरी अधिकारको धाक प्रयोग गरी सिंहदरबारिया कारिन्दाले पिरतीमाया र उसका बाबुमाथि प्रतिशोध लिन खोजेको देखिन्छ । ऊ जस्तोसुकै जालझेल गरेर भए पनि पिरतीमाया र उसका बाबुको सावगास सप्रन नदिएर प्रतिशोध साँध्ने योजनामा अग्रसर भएको छ । यसको लागि उसले माथिल्लो पहुँच पुऱ्याई काशी हिँडेकी पिरतीमायालाई थानकोटबाट फर्काएर खोरमा थुनाएको छ । खोरबाट छुटेपछि त्यतिकै काम नपाएर हिँडिरहेकी पिरतीमायालाई कारिन्देनीले भेटेर पहिलेजस्तै गरी काममा लाग्नभन्दा उसले भनेकी छ- "तिमी पापीहरूकहाँ बस्नुभन्दा त भोकभोकै मर्नु परे पनि मरुँला" (भिक्षु, २०३२, पृ.१४) । यस उद्धरणबाट पिरतीमाया कारिन्देनीसँग क्रुद्ध बनेकी देखिएको छ । उसले सिंहदरबारिया कारिन्दाकी श्रीमतीलाई पापी भन्दै

भोकभोकै मर्नुपरे पनि उसकोमा काम गर्न नफर्किने कुरा सुनाएकी छ । अड्डावाल्नीको त्यत्रो तुजुक भएकी उसलाई पिरतीमायाले तिखो जवाफ दिँदा उसको बडप्पनमा चोट पुग्न गएर उसले थप प्रतिशोध लिने प्रयास गरेकी छ । यसैबिच उसले पिरतीमायालाई करुवा चोरीको आरोप लगाएर खोरमा थुनाउन सफल भएकी छ । कथामा आएका यहाँसम्मका घटनाक्रमलाई हेर्दा सम्पन्न र शक्तिको पहुँच भएका सिंहदरबारिया कारिन्दा, उसकी श्रीमती कारिन्देनी अनि अड्डाको हाकिम एकातिर र विपन्नवर्गका पिरतीमाया अनि उसको वृद्ध बाबु अर्कोतिर भएर दुई भिन्नवर्गका पात्रहरू परस्पर वर्गद्वन्द्वको चापमा परेको देखिएका छन् ।

कथामा चोरीको आरोपमा खोरमा थुनिएकी पिरतीमाया छुटेपछि केही उपाय नपाएर बाँच्नका लागि पशुपतिमा भिख माग्दै गरेकी देखिएको छ । त्यहीँ आइपुगेको अड्डाको हाकिमले पिरतीमायालाई भनेको छ- “सजिलो भिक माग्नु, काम गरेर खानुपर्दैन र ?” (भिक्षु, २०३२, पृ. १६) । यस उद्धरणबाट हाकिमले पिरतीमायालाई तुच्छ व्यवहार गरेको देखिन्छ । उसले त्यो केटीलाई भिख मागेर होइन काम गरेर खानुपर्छ भन्दै भिख पनि दिएको छैन । पिरतीमायाले जवाफ फर्काउँदै काम गरेर खान त तपाईंहरूले दिनुभएन । भिख त दिनुहोस् भन्दा हाकिम झनक्क रिसाएको देखिन्छ । ठूलो भनाउँदाहरूको गरिबप्रतिको यस्तो हेपाहा व्यवहार देखेर पिरतीमायाको मनमा विद्रोहको भाव उत्पन्न भएको छ । यस सन्दर्भमा कथामा भनिएको छ- “कुजातको गालामा एक चड्कन चडकाइदिउँकि ?–भन्ने पनि पिरतीमायाले संझी । तर त्यहाँ हाकिमका सिपाइँहरू पनि ! अनि, ‘चडकाए मोज त हुन्थ्यो’ भन्ने सम्झँदै अलिक हाँसेर ऊ अर्कैतिर लागी” (भिक्षु, २०३२, पृ. १६) । यस उद्धरणबाट पिरतीमाया अड्डाको हाकिमसँग क्रुद्ध बनेकी देखिएको छ । उसले आफूलाई भिख पनि दिन नचाहने त्यस हाकिमलाई कुजात भन्दै चड्काउन मन लागेको भनेकी छ । हाकिमका सिपाही पनि सँगै भएकाले उसले त्यसो गर्न भने सकेकी छैन । यस घटनाले कथामा अड्डाको हाकिम र पिरतीमायाका बिचमा वर्गगत द्वन्द्वको अवस्थालाई साङ्केतिक रूपमा देखाएको छ । कथामा आएका यी सन्दर्भबाट पात्रहरू वर्गद्वन्द्वको चापमा परेका देखिन्छन् ।

‘बन्दोबस्त’ कथामा पिरतीमाया र उसको बाबु निम्नवर्गका र सिंहदरबारिया कारिन्दा, उसकी पत्नी कारिन्देनी र अड्डाको हाकिम उच्चवर्गका प्रतिनिधि पात्र भएर देखिएका छ । उच्चवर्गका पात्रले निम्नवर्गका पात्रलाई आर्थिक रूपमा शोषण गर्ने र अनेक उल्झन सिर्जना गरेर माथि उठ्नबाट अवरोध पुऱ्याउने गरेका देखिन्छन् । निम्नवर्गका पात्रहरू उच्चवर्गका पात्रसँग जुध्न अग्रसर भएका देखिए पनि सफल हुन सकेका भने देखिँदैनन् । यसबाट पिरतीमाया र उसका बाबुजस्ता पात्र उच्चवर्गीय पात्रसँग असहमत र असन्तुष्ट भई समाजमा वर्गका बिचमा देखिने द्वन्द्वको स्थिति निरन्तर रहिरहने सङ्केत गरिएको छ । यसरी कथामा उच्चवर्ग र निम्नवर्गका पात्रहरूका बिचको वर्गगत द्वन्द्वको स्थितिलाई प्रस्तुत गरिएको देखिन्छ ।

## निष्कर्ष

भिक्षुको ‘मालिकको छोरो’ कथामा साहु गणेशमान, उसकी जेठी र कान्छी पत्नी मालिकवर्गको भूमिकामा र रामे उनीहरूकै घरमा काम गर्ने गरिबवर्गको नोकरको भूमिका छन् । साहु र उसका परिवारले रामेलाई इमान्दारीपूर्वक मालिकको सेवा गर्दा पनि हेप्ने र श्रमको शोषण पनि गरेकाले ऊ असन्तुष्ट भएको छ । यसैले गर्दा कृष्णेकी सौतेनी आमाले कृष्णेलाई गाली गर्दा कृष्णेको पक्षमा उभिएर रामेले मालिक र मालिक्नीप्रति विद्रोही भाव देखाएको छ । उसको यस्तो कार्यप्रति साहु र उसकी कान्छी पत्नी असन्तुष्ट भएका देखिन्छन् । यसप्रकार वर्गगत रूपमा विभाजित पात्रहरूलाई द्वन्द्वको चापमा परेको देखाएर कथामा वर्गद्वन्द्वको आयोजन गरिएको छ । ‘मैयाँसाहेब’ कथामा शासकवर्गको भूमिकामा देखिएकी मैयाँ र शासितवर्गको भूमिकामा देखिएको अजयका बिचमा वर्गगत विवादको स्थिति देखिएको छ । अजय आफू मैयाँबाट हेपिएको महसुस गरेर उससँग असन्तुष्ट भएको छ भने राजनीतिक क्रान्तिमा लागेर आफ्नो वर्गीय स्तरलाई माथि उठाउन लागेकोमा यस्तो कार्य आफ्नो वर्गका विरुद्धमा भएको भनी मैयाँ अजयसँग असन्तुष्ट भएकी छ । यसप्रकार मैयाँ र अजयका बिचमा वर्गगत द्वन्द्वको स्थिति देखाएर कथामा वर्गद्वन्द्वको आयोजन गरिएको छ । ‘हारजित’ कथामा मनोहर मालिक वर्गको भूमिकामा र विवादमा सक्रिय भएका अरू पात्र निम्नवर्गीय भूमिकामा देखिएका छन् । कथामा मनोहरले अलगुवाकी बुहारी सोनवालाई मजुरीमा राखेको विषयमा विवाद चर्किएको छ । यही विवादमा केन्द्रित भई पात्रहरू वर्गगत रूपमा विभाजित भएका छन् । मनोहरले सोनवालाई फिर्ता नगर्ने अडान लिएको र अरू गाउँलेहरू फिर्ता गराई छाड्ने अडानमा रहँदा कथामा दुई वर्गका पात्रका बिचमा विवादको स्थिति देखिएको छ । यसप्रकार मालिकवर्ग र गरिब किसानवर्गको प्रतिनिधित्व गर्ने पात्रका बिचको वर्गगत विवाद देखाएर कथामा वर्गद्वन्द्वको आयोजन गरिएको छ । ‘वन्दना’ कथामा कृष्णलाल पूँजीपतिवर्ग र शङ्कर सर्वहारावर्गको प्रतिनिधि भएर देखिएका छन् । शङ्करले मानिसहरू गरिब भएर बाँच्न बाध्य हुनुको दोष कृष्णलालजस्ता पूँजीपतिवर्गलाई लगाएको छ । कृष्णलालले भने उत्पादनहीनताको समर्थन गरी केवल दरिद्रताको भागबन्डा गर्ने मार्गलाई पछ्याइरहेको भन्ने आरोप शङ्करमाथि लगाएको छ । विवाद र असहमतिकै बिच शङ्करले कृष्णलालको हत्या गरेको छ । यसप्रकार दुई पात्रका बिचको वर्गगत द्वन्द्वले हिंसात्मक रूप लिएको देखाएर कथामा पूँजीपतिवर्ग र सर्वहारावर्गका बिचको वर्गद्वन्द्वलाई प्रस्तुत गरिएको छ । ‘बन्दोबस्त’ कथामा पिरतीमाया र उसका बाबुलाई निम्नवर्गका र सिंहदरबारिया कारिन्दा, उसकी पत्नी कारिन्देनी र अड्डाको हाकिमलाई उच्चवर्गीय पात्रको भूमिकामा देखाइएको छ । उच्चवर्गका पात्रले निम्नवर्गका पात्रलाई हेप्ने, तिरस्कार गर्ने श्रमको शोषण गर्ने गर्नुका साथै आर्थिक रूपमा ठग्ने र अनेक अवरोध सिर्जना गरेर अघि बढ्न रोक्ने प्रयत्न गरेकाले पिरतीमाया र उसका बाबु असफल नै भए पनि उच्चवर्गका पात्रसँग सङ्घर्षमा होमिएका छन् । यसप्रकार दुई वर्गका पात्रहरूका बिच असन्तुष्टि र विवादको आयोजन गरेर कथामा वर्गद्वन्द्वको प्रस्तुति गरिएको छ ।

भिक्षुका कथामा समाजमा मानिसहरूका बिचमा झगडा, विवाद, असन्तुटि र द्वन्द्व सिर्जना हुनुको कारण आर्थिक असमानतालाई मानेर यस्तो असमानता कायम रहेसम्म द्वन्द्व निरन्तर चलिरहन्छ भन्ने देखाउन वर्गद्वन्द्वको आयोजन गरिएको देखिन्छ । यसैगरी पाठकमा कौतूहल सिर्जना गर्न; सामाजिक यथार्थको उद्घाटन गर्न; आर्थिक, राजनीतिक र सामाजिक परिवर्तनको लागि पाठकमा उत्प्रेरणा जगाउन; समाजमा व्याप्त वर्गीय विभेद र असन्तुष्टिलाई देखाउन; शासक र शासितवर्गका मानिसहरूको व्यवहार र क्रियाकलापलाई प्रस्तुत गर्न; उच्च, सम्पन्न र जमिन्दार वर्गका मानिसहरूको निम्न र विपन्नवर्गका मानिसहरूलाई हेर्ने दृष्टिकोण, हेपाहा र तुच्छ व्यवहारलाई देखाउन; समाजमा विद्यमान आर्थिक असमानताको अन्त्य

गर्नका लागि सामाजिक उत्प्रेरणा जगाउन आदि प्रयोजनका लागि उनका कथामा पात्रलाई वर्गीय रूपमा प्रतिनिधित्व गराई वर्गद्वन्द्वको आयोजन गरिएको देखिन्छ ।

## सन्दर्भसामग्रीसूची


आफानास्येभ, भिक्टर (२०६७), अनु. राजेन्द्र मास्के, *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* (तेस्रो संस्क.), विविध पुस्तक भण्डार ।

उप्रेती, विष्णुराज (२०६२), *द्वन्द्व व्यवस्थापन* (परिमार्जित संस्करण), भृकुटी एकेडेमी पब्लिकेसन्स ।

किरण (२०६०), *सङ्घर्षको दर्शन* (दोस्रो संस्क.), जनदिशा प्रकाशन ।

गिरी, अमर (२०७५), *कवितामा वर्गद्वन्द्व,* जनदिशा प्रकाशन ।

टर्नर, जोनाथन एच. (सन् १९९५), *द स्टक्चर अफ सोसोलोजिकल थ्योरी,* रावत पब्लिकेसन ।

टर्नर, जोनाथन एच.र लियोनार्द बेघली (सन् २०१२), *द इमर्जेन्स अफ सोसोलोजिकल थ्योरी* (सातौँ संस्क.), सेज पब्लिकेसन ।

देवकोटा, पदमलाल र नेत्रकुमार वझा (२०६६), *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* एकेडेमिक बुक सेन्टर ।

भिक्षु, भवानी (२०५२), *गुनकेशरी* (चौथो संस्क.), साझा प्रकाशन ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब* (पाँचौं,संस्क.), साझा प्रकाशन ।

भिक्षु, भवानी (२०३२), *आवर्त* (दोस्रो,संस्क.), साझा प्रकाशन ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (२०३०), अनु. अरूण कुमार, *कम्युनिस्ट घोषणापत्र,* प्रगति प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।



**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically


### Author's Bio-notes

Ganesh Prasad Sharma is an Assistant Professor of Nepali literature in TU, Nepal. He is pursuing PhD in Nepali fiction. His area of interest is Nepali lingustics and literature. He has published number of articles related with Nepali literature.